सार्वजनिक सेवा प्रसारण नेपाल
Public Service Broadcasting Nepal

रेडियो नेपाल    नेपाल टेलिभिजन

नेपाल टेलिभिजन
सिंहदरवार ।

## सार्वजनिक सेवा प्रसारण, नेपाल टेलिभिजनको एनटिभी वर्ल्ड तथा अन्य च्यानलका लागि सिफ्ट बेसिसमा करार जनशक्ति आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मिति : २०८२/०४/२३

सार्वजनिक सेवा प्रसारण, नेपाल टेलिभिजनको एनटिभी वर्ल्ड तथा अन्य च्यानलका लागि सिफ्ट बेसिसमा कार्य गर्ने गरीकरार जनशक्ति आवश्यक भएकोले मिति २०८२/०२/२० मा प्रकाशित विज्ञापनमा प्राप्त आवेदनहरु कायमै राखी देहाय अनुसारका पदहरुमा योग्यता पुगेका नेपाली नागरिकबाट पुनः दरखास्त आह्वान गरिएको छ । दरखास्त फाराम नेपाल टेलिभिजनको वेवसाइट www.ntv.org.npबाट प्राप्तगर्न सकिनेछ ।

देहाय :

**आवश्यक संख्या** :-अंग्रेजी समाचार वाचक/सम्पादक/प्रस्तोता/रिपोर्टर, अंग्रेजी डिजिटल कन्टेन्ट क्रिएटर,अंग्रेजी कार्यक्रम निर्माता/प्रस्तोता, दृश्य सम्पादक (ग्राफिक्स), क्यामरापर्सन, ध्वनि नियन्त्रक, स्वीचर, समावेशी समाचार सम्पादक/प्रस्तोता तथा साङ्केतिक भाषा प्रस्तोतातर्फगरी जम्मा १८ (अठार) जना ।

| क्र.स | विज्ञापन न. | पद | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | ख०१/०८२/८३ | अंग्रेजी समाचार वाचक/सम्पादक/प्रस्तोता/रिपोर्टर,छैठौं तह सरह, सिफ्ट बेसिस करार | २ जना | |
| २. | ग०१/०८२/८३ | अंग्रेजी डिजिटल कन्टेन्ट क्रिएटर, छैठौं तह सरह, सिफ्ट बेसिस करार | १ जना | |
| ३. | घ०१/०८२/८३ | बरिष्ठ सहायक दृश्य सम्पादक (ग्राफिक्स),पाँचौं तह सरह, सिफ्ट बेसिस करार | २ जना | |
| ४. | ङ०१/०८२/८३ | बरिष्ठ सहायक क्यामरापर्सन, पाँचौं तह सरह, सिफ्ट बेसिस करार | २ जना | |
| ५. | च०१/०८२/८३ | बरिष्ठ सहायक ध्वनि नियन्त्रक, पाँचौं तह सरह, सिफ्ट बेसिस करार | २ जना | |
| ६. | छ०१/०८२/८३ | बरिष्ठ सहायक स्वीचर, पाँचौं तह सरह, सिफ्ट बेसिस करार | २ जना | |
| ७. | ज०१/०८२/८३ | अंग्रेजी कार्यक्रम निर्माता/प्रस्तोता, छैठौं तह सरह, सिफ्ट बेसिस करार | खुला ३ महिला १ जम्मा ४ जना | |
| ८. | झ०१/०८२/८३ | समावेशी गुरुङ भाषा समाचार सम्पादक/प्रस्तोता, छैठौं | १ जना | |

| | | | | |
|---|---|---|---|---|
| | | तह सरह, सिफ्ट बेसिस करार | | |
| ९. | ञ०१/०८२/८३ | समावेशी डोट्याली भाषा समाचार सम्पादक/प्रस्तोता, छैठौं तह सरह, सिफ्ट बेसिस करार | १ जना | **एनटीभी कोहलपुर च्यानलका लागि** |
| १० | ट०१/०८२/८३ | साङ्केतिक भाषा अनुवाद तथा प्रस्तोता, पाँचौं तह सरह, सिफ्ट बेसिस करार | १ जना | |

१.न्यूनतम शैक्षिक योग्यता/अनुभव/तालिम :

(क) एनटिभी वर्ल्ड लागि आवश्यक अङ्ग्रेजी समाचारवाचक, रिपोर्टर, कार्यक्रम निर्माता, कार्यक्रम प्रस्तोता र डिजिटल कन्टेन्ट क्रिएटरको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट आमसञ्चार, पत्रकारिता वा मिडिया अध्ययन विषयमा स्नातक तह उत्तीर्ण गरेको र सम्बन्धित कार्यमा कम्तीमा २ वर्षको अनुभव भएको र अङ्ग्रेजी भाषामा दखल भएको हुनुपर्नेछ । अन्य विषयमा स्नातक तह उत्तीर्ण भएको हकमा सम्बन्धित कार्यमा कम्तीमा ३ वर्षको अनुभव भएको र अङ्ग्रेजी भाषामा दख्खल भएको हुनुपर्नेछ ।

(ख) दृश्य सम्पादक/ग्राफिक डिजाइनरको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा सोसरह उत्तीर्ण गरेको, कम्तीमा २ वर्षको अनुभव भएको र 2D/3D Animation को कम्तीमा ३ महिनाको तालिम लिएको हुनुपर्नेछ ।

(ग) क्यामरापर्सनको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा सोसरह उत्तीर्ण गरेको, क्यामरापर्सन भई कम्तीमा २ वर्षको कार्य गरेको हुनुपर्नेछ ।

(घ) ध्वनि नियन्त्रकको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा सोसरह उत्तीर्ण गरेको, ध्वनि नियन्त्रक भई कम्तीमा २ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

(ङ) स्वीचरको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा सो सरह उत्तीर्ण गरेको, Online Switching र Multi camera Production मा कम्तीमा २ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

(च) साङ्केतिक भाषाका अनुवादक तथा प्रस्तोताको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२वा सोसरह उत्तीर्ण गरेको, साङ्केतिक भाषामा दक्ष रहेको प्रमाणपत्र भएको र सम्बन्धित कार्यमा कम्तीमा २ वर्षको अनुभव भएको हुनुपर्नेछ ।

(छ) विभिन्न राष्ट्रभाषाको समाचार वाचक/सम्पादक/प्रस्तोताको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट आमसञ्चार, पत्रकारिता वा मिडिया अध्ययन विषयमा स्नातक तह उत्तीर्ण गरेको, सम्बन्धित समुदायको भाषामा दखल भएको र सम्बन्धित कार्यमा कम्तीमा २ वर्षको अनुभव भएको हुनुपर्नेछ । अन्य विषयमा स्नातक तह उत्तीर्णभएको हकमा सम्बन्धित कार्यमा कम्तीमा ३ वर्षको अनुभव भएको हुनुपर्नेछ ।

२. सूचीकृत आदिवासी जनजाति, महिला, मधेशी, मुस्लिम, अपाङ्गता, दलित वर्ग/समुदायका तथा अति सिमान्तकृत, सिमान्तकृत, अल्पसंख्यक एवं पिछडिएका क्षेत्रको उम्मेद्वारहरुलाई ग्राह्यता दिइनेछ ।

३. **उमेर हद** : दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भएको हुनुपर्नेछ । जुनसुकै प्रकृतिको करार जनशक्ति ५८ वर्ष पूरा भएपछि स्वतः सेवाबाट अलग हुनेछ । करार अवधि बढीमा एक वर्षको हुनेछ । संस्थाले आवश्यकताअनुसार करार नवीकरण / पुनः नियुक्ति गर्न सक्नेछ ।

४. **कामको किसिम** :समाचार वाचन,सम्पादन,प्रस्तोता, रिपोर्टिङ्ग, कार्यक्रम निर्माण/प्रस्तुति ( राष्ट्रिय/अन्तर्राष्ट्रिय समसामायिक बिषयहरु, राजनीति, अनुसन्धानमूलक समाचार, पर्यटन प्रर्वद्धन, संस्कृति संरक्षण, विपद र खेलकूद लगायत समाचारका लागि आवश्यक विधागत क्षेत्र),अंग्रेजी डिजिटल कन्टेन्ट क्रिएटर,कार्यक्रम छायाङ्कन, निर्माण, सम्पादन, रेकर्डिङ्ग, प्रसारण र प्रस्तुति एवं डिजिटल प्लेटफर्मका लागि आवश्यक कार्यआदि ।

५. **सेवाको किसिम/पारिश्रमिक** :आपसी सहमतिमा काम गरेको दिनको शिफ्ट बेसिसमा **"नेपाल टेलिभिजनका लागि करार, ज्यालादारी, सिफ्ट वा बुलेटिन बेसिस वा सेवा करारजनशक्ति छनौटसम्बन्धी मापदण्ड, २०८२"**बमोजिम करार सम्झौता अनुसारको पारिश्रमिक पाउने छ । सम्झौता अवधि चालु आ.व.का लागि २०८३ असार मसान्तसम्म हुनेछ । त्यसपछि सार्वजनिक सेवा प्रसारण नेपाल टेलिभिजनको आवश्यकता र कार्यसम्पादन मूल्याङ्कनका आधारमा संस्थाको वजेट व्यवस्था भएअनुसार स्रोत सुनिश्चितता अनुसार करार सम्झौता अवधि थप गर्न सकिने छ।

६. **छनोटको किसिम** :प्राप्त आवेदनहरूबाटसङ्क्षिप्त सूची प्रकाशन गरिनेछ । सङ्क्षिप्त सूचीका लागि ६०% अङ्क वा सोभन्दा माथि अङ्क प्राप्त गर्ने र सीमान्तकृत, अतिसीमान्तकृत एवं लोपोन्मुख वर्ग/समुदायका उम्मेदवारको हकमा ५०% वा सोभन्दा माथि अङ्क प्राप्त गर्नेलाई सङ्क्षिप्त सूचीमा समावेश गर्न सकिनेछ ।प्राप्त भएका दरखास्तलाई शैक्षिक योग्यता, कार्यानुभव, सम्बन्धित विषयको तालिम, भिडियो रेकर्ड प्रस्तुतिका आधारमाप्रारम्भिक छनौट ( Short List) गरी मापदण्ड बमोजिम उम्मेद्वारको लिखित, प्रयोगात्मक र अन्तार्वार्ता परीक्षा लिइनेछ ।

७. **दरखास्त बुझाउने अन्तिम मिति र स्थान** :२०८२/०४/२९ गते भित्र दरखास्त फारममा आवश्यक विवरण भरी नागरिकताको प्रमाणपत्र, पछिल्ला शैक्षिक योग्यता, तालिम, अनुभव आदिको प्रमाणपत्रका प्रतिलिपि र अंग्रेजी समाचार वाचक/कार्यक्रम निर्माता/कार्यक्रम प्रस्तोता/रिपोर्टर, डिजिटल कन्टेन्ट क्रिएटर, समावेशी (विभिन्न राष्ट्रभाषा) समाचारवाचक/कार्यक्रम निर्माता/कार्यक्रम प्रस्तोताको लागि भिडियो लिंकसहितको (एआइको प्रयोग नभएको) सम्पादन नगरिएको (अनएडिटेड) वान टेक २ मिनेटको भिडियो रेकर्ड प्रस्तुति हुनुपर्नेछ र दृश्य सम्पादक/ग्राफिक डिजाइनरको हकमा सम्पादन गरेको भिडियो लिंकबढीमा २ मिनेटको  भिडियो रेकर्ड प्रस्तुतिवा भिडियो लिंक सहित नेपाल टेलिभिजन केन्द्रीय कार्यालय सिंहदरवार वा सार्वजनिक सेवा प्रसारण नेपालको इमेल ठेगाना:psbntv@gmail.comमा बुझाउनु पर्नेछ ।

८. सङ्क्षिप्त सूची (Short List) मा परेका उम्मेदवारहरुको नामावली र प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षा कार्यक्रम दरखास्त दिने अन्तिम मितिले बढिमा १०दिनभित्र नेपाल टेलिभिजनको वेवसाइट ntv.org.npर कार्यालयको सूचनापाटीमा प्रकाशन गरिनेछ ।

९. अंग्रेजी समाचार वाचन/प्रस्तोता र अंग्रेजी कार्यक्रम निर्माता/प्रस्तोता, समावेशी भाषा गुरुङ र डोट्याली समाचारको हकमा भाषा अनुवाद/वाचन परीक्षा समेत लिइनेछ ।

१०. यसअघि प्रथमपटक मितिः २०८२/०२/२०मा विज्ञापन भएका सूचना अनुसार दरखास्त दिएका पदका लागि उम्मेदवारहरुको दरखास्त कायम गरिएको छ । नयाँ सूचनाद्वारा हेरफेर भएको पद एवं प्रावधानका हकमा पुनः दरखास्त र आवश्यक पर्ने कागजात अद्यावधिक गरी पेश गर्नुपर्नेछ र नयाँ आवेदकको हकमा नयाँ दरखास्त फाराम भर्नुपर्नेछ ।

११. म्याद नाघी आएको र रित नपुगेका दरखास्त/आवेदन उपर कारवाही गरिने छैन ।

१२. यस सूचनामा उल्लेख भएका बाहेक यससँग सम्बन्धित थप विषयहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

१३. विज्ञापनसँग सम्बन्धित थप जानकारीका लागि सावर्जनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजनको केन्द्रीय कार्यालय, सिंहदरवारको प्रशासन महाशाखाको फोन नम्बर ०१-४२००३४८ EXT-१२५, १२६ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।